# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
## गण्डकी प्रदेश, नेपाल

**देवचुली नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी जरुरी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१५)

देवचुली नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देवचुली नगरपालिकामा सञ्चालन हुने तपसिल बमोजिमको कार्यक्रममा सहभागी भई सेवा लिनका लागि इच्छुक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि फर्म/फार्म तथा कृषि सहकारीहरुबाट यो सूचना प्रकाशन भएको मितिले २१(एक्काइस) दिन भित्र अर्थात २०८३/०७/०४ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन) उल्लेखित विवरण सहित सम्बन्धित वडा कार्यालय वा देवचुली नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढिमा | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण | ५० | ४ | विभिन्न प्रकारका पावरका मिनीटिलर, गोडमेलमा प्रयोग हुने सामग्री, खाडल खन्ने मेसिन, सिकेचर, आरी, ब्रस कटर, बाली कटानी मेसिन, थ्रेसर, धान काट्ने मेसिन, ग्रेडिङ प्याकेजिङ, लेबलिङ मेसिन, क्यारेट, डिजिटल तराजु, त्रिपाल, स्प्रे ट्याङ्कि, धान रोप्ने मेसिन, भण्डारणमा प्रयोग हुने सामान, स्प्रेयर (ह्यान्ड/ब्याट्री), मल्चिङ प्लास्टिक, र टनेल प्लाष्टिक लगायत वितरण हुनेछ, यन्त्र उपकरण वितरणमा हाल सम्म अनुदान प्राप्त नगरेकालाइ विशेष प्राथमिकता दिइनेछ, धान काट्ने मेसिन, धान रोप्ने मेसिन लगायता हेभ्मि इक्युमेन्टका मेसिनरीहरु कृषक समूह/सहकारी लाइ मात्र उपलब्ध गराइने, हाते ट्याक्टर, मकै रोप्ने, मकै छोडाउने लगायतका मेसिहरुका लागी कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा खेति गरेको हुनुपर्नेछ, हाते ट्याक्टर विशेषत देवचुली नगरपालिकाको पहाडि भुभागलाइ प्राथमिकता दिएर वितरण गरिनेछ। |
| २ | ५० प्रतिशत अनुदानमा मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम | ५० | १५ | |

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | आलु खेती प्रवर्द्धन कार्यक्रम | ५० | ३ | (क)आलुको बिउ, प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, विषादी, कृषि औजार उपकरणमा र सिंचाईमा अनुदान प्राप्त हुनेछ।<br>(ख)क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।<br>(घ)उन्नत तथा सम्बन्धित निकायबाट प्रमाणीकरण गरिएको आलुको बीउ मात्र प्रयोग गर्नुपर्नेछ।<br>(ङ) यस कार्यक्रम संचालन गर्नका लागी कृषि फर्मले कम्तिमा ५ कठ्ठा र कृषक समुहले कम्तिमा १५ कठ्ठा खेतियोग्य जग्गामा आलुखेति गर्नु पर्नेछ। |
| ४ | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | | ८.८ | कम्तिमा व्यवसायिक रुपमा २ कठ्ठा जमिनमा खेती वा न्यूनतम २०० वर्गमिटर क्षेत्रफलमा प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा दुई सिजन तरकारी खेती गर्नुपर्नेछ। देवचुलीको चुरे तथा पहाडी भेगको हकमा १ कठ्ठा क्षेत्रफल वा न्यूनतम १०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा एक सिजन खेती गर्नुपर्नेछ।<br>खुला जमिनमा तरकारी खेती गर्ने कृषकले प्रति कठ्ठा कम्तिमा रु १५०० र अधिकतम रु ३००० र प्लाष्टिक घरभित्र खेती गर्ने कृषकले प्रति १०० वर्ग मिटर रु १५०० कम्तिमा र बढिमा रु ३००० का दरले प्रोत्साहन स्वरुप नगद अनुदान प्राप्त गर्नेछन् |
| ५ | कृषि उपज सङ्कलन केन्द्रहरू सुदृढीकरण | ५० | २.५ | भौतिक पूर्वाधार सुधार र विस्तार, शीतभण्डार (Cold Room) र भण्डारण जडान, आधुनिक नापतौल र ग्रेडिङ उपकरण वितरण, सङ्कलन केन्द्र व्यवस्थापन तालिम, डिजिटल बजार सूचना बोर्ड स्थापना, ढुवानी साधन (कृषि एम्बुलेन्स) समन्वय, क्रेता-विक्रेता (व्यापारी-कृषक) नेटवर्क बैठक, अर्गानिक वा प्रिमियम उत्पादन प्रमाणीकरण, भौतिक पूर्वाधार सुधार, बजार सूचना प्रणाली लगायतका कार्यक्रम सञ्चालन गर्न सकिने |

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत




☎ ०७८-५७५३९६,५७५०१०, ५४५३६८ इमेल: info@devchulimun.gov.np वेवसाइट: devchulimun.gov.np
adsdevchuli2077@gmail.com https://www.facebook.com/devchuli.krishi/

| | | | | |
|---|---|---|---|---|
| ६ | च्याउ खेती प्रवर्धन कार्यक्रम | ५० | १.५ | च्याउको बिउ, प्लास्टिक, डोरी, पराल पराल काट्ने, बफाउने, डल्ला बनाउने मेसिन, च्याउ घर निर्माण अनुदानमा सञ्चालन गर्न र व्यावसायिक च्याउ उत्पादन प्रविधि सम्बन्धी तालिम संचालन गर्न सकिनेछ। |
| ७ | जैविक विषादी जैविक मल प्रयोग परीक्षण निर्माण र तालिम | ५०-१०० | २.३ | जैविक तथा प्राङ्गारिक मल, विषादी वितरण गर्न, जैविक तथा प्राङ्गारिक मल, जैविक विषादी, वानस्पतिक विषादी र सुक्ष्म जैविक मल उत्पादन प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न, गड्यौला मल, कम्पोष्ट मल, अन्य जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्नका लागी आवश्यक पर्ने टहरा निर्माण, पिट निर्माण, लगायत माग बमोजिमका विषयहरुमा अनुगमन मुल्याङ्कनका आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ८ | प्राङ्गारिक (जैविक मल हरियो मल गडौला मल) प्राकृतिक खेती प्रवर्धन कार्यक्रम | ५०-१०० | २ | हरियो मलको रुपमा प्रयोग हुने ढैंचाको बीउ उपलब्ध गराउन, प्राङ्गारिक मल (जैविक मल, गोठे मल, गड्यौला मल, कम्पोष्ट मल) अनुदानमा वितरण गर्न, माटो सुधारका लागि एजोला, ट्राइकोग्रामा, ट्राइकोडर्मा वितरण गर्ने, गड्यौला मल, जैविक मल, कम्पोष्ट मल, अन्य जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्नका लागी आवश्यक पर्ने टहरा निर्माण, पिट निर्माण, लगायत माग बमोजिमका विषयहरुमा अनुगमन मुल्याङ्कनका आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ९ | फलफुल खेती प्रवर्धन कार्यक्रम | ५० | २.५ | व्यावासायीक रुपमा कम्तिमा ३ कठ्ठा भन्दा बढि क्षेत्रफलमा वा २० भन्दा बढि फलफूलका विरुवा लगाउनेलाई बगैंचाको रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्न, ज्यामी ज्याला, फलफुल बिरुवा सिँचाई पूर्वाधार निर्माण, यन्त्रउपकरणहरु प्राङ्गारिक मल, रोगकिरा नियन्त्रक विषादी तथा शुक्ष्म खाद्यतत्वमा अनुदान उपलब्ध हुनेछ। |
| १० | मलाबाली प्रवर्धन कार्यक्रम (बेसार अदुवा) | ५० | १.५ | व्यक्तिगत कृषकको हकमा कम्तीमा ३ कठ्ठा, कृषि फर्म/कृषि कम्पनी/कृषि सहकारीको हकमा कम्तिमा ६ कठ्ठा, र कृषक समूहको हकमा कम्तिमा १२ कठ्ठा क्षेत्रफल खेति गर्नुपर्नेछ। जसलाई मसलाबाली (अदुवा, बेसार) को बीउमा र प्रशोधन, प्याकेजिङ लगायतका अन्य सामग्रीहरु अनुदान उपलब्ध हुनेछ। |

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत




☎ ०७८-५७५३९६, ५७५०१०, ५४५३६८ इमेलः info@devchulimun.gov.np वेवसाइटः devchulimun.gov.np
adsdevchuli2077@gmail.com https://www.facebook.com/devchuli.krishi/

| | | | | |
|---|---|---|---|---|
| ११ | रैथाने तथा परम्परागत विशिष्ट बाली उत्पादन तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम | ५०-१०० | २ | बिउ किट वितरण, रैथाने बालीको क्षेत्र बिस्तार र उत्पादनमा प्रोत्साहन अनुदानः प्रति कट्ठा बढीमा रु ५०० र रैथाने बाली उत्पादनको आधारमा प्रति किलो बढीमा रु १० प्रोत्साहन बापत उपलब्ध गराउन सकिनेछ, रैथाने बाली उत्पादन सम्बन्धी तालिम, जानकारीमूलक सन्देश, चित्र, होर्डिङ बोर्ड, एफ. एम. रेडियो अन्य माध्यमबाट प्रसारण तथा प्रकाशन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ, रैथाने बाली उत्पादन, प्रशोधन, प्याकेजिङ, लेबलिङ्ग, बजारीकरणमा प्रयोग हुने विभिन्न कृषिजन्य औजार उपकरणहरु वितरण गर्न सकिनेछ, कोसेली घर सञ्चालनमा सहयोग गर्न सकिनेछ। |
| १२ | हाइब्रिड मकैको बिउमा ५०% अनुदान | ५० | ४ | देवचुलीको हावापानीमा सुहाँउदो उच्च उत्पादन दिने सुचिकृत हाइब्रिड जातहरूको बीउ अनुदानमा वितरण गरिनेछ। |
| १३ | २० प्रतिशत नगद साझेदारीमा साना सिंचाई निर्माण मर्मत तथा विस्तार कार्यक्रम | ८० | १४ | सार्वजनिक सामुदायिक कुलो, बोरिङ्ग निर्माण, मर्मत विस्तार कार्य, सिचाई पाइप, मोटर खरिद कार्य, कृषि फर्म/फार्मलाई बोरिङ्ग निर्माण तथा मर्मत गर्नका लागि अनुदान उपलब्ध गराउन सकिनेछ। साना सिंचाई कार्यक्रम संचालन गर्नका लागी कृषक समुहको हकमा कम्तिमा ३ विघा खेति योग्ग क्षेत्रफल कायम गरेको हुनुपर्नेछ। |

**आवश्यक कागजपत्रहरु:**

- कृषक समूह/ समिति /कृषि फर्महरूको कार्यक्रम माग सम्बन्धी शाखामा उपलब्ध ढाँचा बमोजिमको निवेदन ।
- कृषक समूह/ समिति/ सहकारी /कृषि फर्महरूको दर्ता, नवीकरण, करचुक्ता, प्यान/भ्याट प्रमाणपत्रको प्रतिलिपि ।
- समूह सहकारी बैठकको निर्णयको प्रतिलिपि प्रतिबद्धता पत्र र वडा कार्यालयको सिफारिस पत्र।
- क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रमका लागी अनुसूची ६ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ।

कार्यक्रम देवचुली नगरपालिका कृषि सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ बमोजिम सञ्चालन हुनेछ

**नोटः थप जानकारी देवचुली नगरपालिका कृषि विकास शाखा फोन नं. ९८४२३३९१३०, ९८४५७८०७७१, ९८६८२४४१०७ मा सम्पर्क गर्नु हुन्।**

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत